प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

राप्ती उपत्यका(देउखुरी), दाङ्ग

## प्रयोगात्मक परीक्षा संचालन सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२।११।०१**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरबाट २०८२/११/२९ गते देखि संचालन हुने डिप्लोमा तहको सेमेष्टर परीक्षा प्रणाली तर्फको प्रथम वर्ष प्रथम खण्ड, दोस्रो वर्ष प्रथम खण्ड तथा तेस्रो वर्ष प्रथम खण्ड साथै विशेष छात्रवृत्ति (Special) कार्यक्रमको नियमित तथा आंशिक बाहय प्रयोगात्मक परीक्षा सम्बन्धित शिक्षण संस्थाहरुले सैद्दान्तिक परीक्षा **समाप्ति पछि** मात्र यस प्रदेश कार्यालयको परीक्षा शाखाबाट प्रयोगात्मक परीक्षाको तालीका अनिवार्य रुपमा दिइएको ढाँचामा अनुमोदन (Approved) गराई परीक्षा संचालन गर्न गराउनुहुन सूचीत गरिन्छ। साथै परीक्षा तालिका यसै सूचना साथ संलग्न Format को ढाँचा अनुसार तयार गरी इमेल ठेगाना : exam.ctevtp5@gmail.com मा पठाउनु हुन अनुरोध छ।

**नोटः**

१. प्रयोगात्मक अंक बुझाउदा अनिवार्य रुपमा प्रयोगात्मक परीक्षाको हाजिरी, आन्तरिक र बाह्य परीक्षकको तयार पारेको मुल्याङ्कन आधार सुचि (अनुसुची १ र २), आन्तरिक र बाह्य परीक्षक दुवैले अन्तिम मूल्याङ्कन फारममा (अनुसुची ३) अनिवार्य रुपमा दस्तखत र सिलबन्दी गरी बुझाउनु पर्ने छ।

२. अनुसूची १,२,३, प्रयोगात्मक परीक्षाको केन्द्राध्यक्ष नियुक्ति पत्र र प्रयोगात्मक परीक्षाको बाह्य/आन्तरिक परीक्षकको नियुक्ति पत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परीषद्, लुम्बिनी प्रदेश कार्यालयको website(www.ctevtp5.org.np/www.ctevtlp.org.np) को Download मा हेर्नुहोला ।

३. प्रयोगात्मक अंक, हाजिरी र मुल्याङ्कन आधार सूचीमा अनिवार्य रुपमा विद्यालयको सही/छाप लगाउनु पर्नेछ।

४. केरमेट भएका, टिपेक्स लगाएका र सही छाप नभएका प्रयोगात्मक अंक बुझ्न प्रदेश कार्यालय बाध्य हुने छैन।

५. प्रयोगात्मक अंक परीक्षा सम्पन्न भएको १ हप्ता भित्र प्रदेश कार्यालयमा अनिवार्य रुपमा बुझाउनुपर्ने छ ।

६. बाह्य परीक्षक सम्वन्धित बिषय बिज्ञ हुनुपर्ने छ।

७. परीक्षा तालीका १ हप्ता भित्र सम्पन्न हुने गरि तयार गर्नुहोला ।

**निर्देशक**